नेपाल सरकार
सहरी विकास मन्त्रालय
# शहरी विकास तथा भवन निर्माण विभाग
(सामान्य प्रशासन तथा जनशक्ति विकास शाखा)

फोन नं. ४२६२३६५, ४२६२४६६, ४२६२३६७, ४२६२९४५, ४२६२९८४
फ्याक्स नं.९७७-१-४२६२४३९
बबरमहल
काठमाण्डौ, नेपाल ।

पत्र संख्याः-क.प्र. ०७४/७५
प्राप्त पत्र संख्याः-
च.नं. :- ८४५

मिति २०७४।१२।१८

विषय :- काज फिर्ता गर्ने बारे ।

श्री नयां शहर आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाण्डौ ।
श्री मफौला शहर एकिकृत शहरी वातावरणीय सुधार आयोजना, बबरहल, काठमाण्डौ ।
श्री भवन निर्माण तथा संभार डिभिजन कार्यालय, खुसिबु, काठमाण्डौ ।
श्री भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र, हेटौडा ।
श्री शहरी शासकिय क्षमता र पूर्वाधार सुधार आयोजना, बबरमहल, काठमाण्डौ ।
श्री सहरी विकास तथा भवन निर्माण विभाग,
डिभिजन कार्यालय, **सबै** ।

प्रस्तुत विषयमा सहरी विकास मन्त्रालयको प.सं.क.प्र.१.१-०७४।७५-५७७ च.नं.१०६६ मिति २०७४।१२।१५ को पत्र साथ प्राप्त सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश, २०७४ बमोजिम स्थानीय तहमा काज वा कामकाज गर्न खटाइएका, समायोजन ऐन/नियम अनुसार प्रदेश तथा स्थानीय तहमा कामकाज गर्न खटाइएका र नेपाल सरकारको स्वीकृत वा कानून बमोजिम स्थापना भएको आयोग/प्राधिकरणमा स्वीकृत अस्थायी दरवन्दीमा काजमा रहेका कर्मचारी बाहेक निजामती सेवा ऐन, २०४९ को दफा १८क (१) बमोजिम तोकिएको अवधि भन्दा बढी समय काजमा रहेका, र दफा १८क (२) बमोजिम अस्थायी दरवन्दीमा आयोजना काजमा तोकिएको अवधि भन्दा बढी काजमा रहेका सम्पूर्ण कर्मचारीहरुलाई पदाधिकार रहेको सम्बन्धित कार्यालयमा ७ दिन भित्र काज फिर्ता गरी/गराई सो को जानकारी यस मन्त्रालयमा दिन हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भै जाने व्यहोरा मा. मन्त्रीस्तरको मिति २०७४।१२।१३ को निर्णयानुसार अनुरोध छ भनी लेखी आएकोले सोही अनुसार गरी सो को जानकारी यस विभागमा पठाउन हुन निर्देशानुसार अनुरोध छ ।

(अर्जुन कुमार कार्की)
शाखा अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन म. (सामान्य प्रशासन) सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः ०७४।७५
चलानी संख्याः ३३२

मिति :- २०७४।१२।१३

विषयः- काज फिर्ता गर्ने सम्बन्धमा ।

सहरी विकास मन्त्रालय
दर्ता नं.:- १४२१
दर्ता मिति:- २०७४।१२।१४

श्री सहरी विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

तहाँ मन्त्रालय/सचिवालय/आयोग/कार्यालय वा अन्तर्गतका निकायका स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्वन्धी आदेश, २०७४ बमोजिम स्थानीय तहमा कामकाज वा काजमा खटाइएका, समायोजन ऐन, २०७४ को दफा ११ तथा समायोजन नियमावली, २०७४ को नियम ५ अनुसार प्रदेश तथा स्थानीय तहमा कामकाज गर्न खटाईएका र नेपाल सरकारको स्वीकृतिले वा कानून बमोजिम स्थापना भएका आयोग/प्राधिकरणमा स्वीकृत अस्थायी दरवन्दीमा काजमा रहेका कर्मचारी बाहेक निजामती सेवा, २०४९ को दफा १८क (१) अनुसार तोकिएको अवधिभन्दा बढी समय काजमा रहेका, ऐ दफा १८क (२) बमोजिम अस्थायी दरवन्दीमा आयोजना काजमा तोकिएको अवधिभन्दा बढी समयसम्म काजमा रहेका सम्पूर्ण कर्मचारीहरूलाई पदाधिकार रहेको सम्बन्धित कार्यालयमा ७ (सात) दिनभित्र काज फिर्ता गरी/गराई सो को जानकारी यस मन्त्रालयलाई दिनुहुन अनुरोध छ । अन्यथा कानून बमोजिम भईजाने व्यहोरा समेत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (मा.मन्त्रीस्तर)को मिति २०७४।१२।१३ को निर्णयानुसार अनुरोध गरिन्छ ।

२०७४।१२।१२

(राज कुमार बोहरा)
शाखा अधिकृत

आवास तथा भवन महाशाखा
सहरी विकास तथा भौतिक योजना महाशाखा
योजना, अनुगमन तथा वैदेशिक सहयोग समन्वय महाशाखा
कर्मचारी प्रशासन शाखा
आर्थिक प्रशासन शाखा
आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन शाखा
कानून तथा फैसला कार्यान्वयन शाखा